तुम्बेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.: ०८२/ ०८३

च.नं.: १३४०

मिति: २०८३/०२/२७

ने.सं.:११४६

**विषय: भुक्तानीका लागि कागजात पेश गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री निर्माण व्यवसायीहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री सरोकारवाला व्यक्ति / फर्म / संस्थाहरु सबै
तुम्बेवा गाउँपालिका, पाँचथर

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) तथा उपनियम (७) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात (७) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने र आ.व. को समाप्ती हुनुअघि नै संघ सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरुको हकमा खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने, विभिन्न शीर्षकको करहरु दाखिला गर्नुपर्ने लगायतका कानूनी प्रावधान रहेको साथै आर्थिक वर्षको अन्त्यतिर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली **(SUTRA)** मा अत्याधिक चाप पर्न गई प्राविधिक समस्या आएर समयमा नै भुक्तानी दिन नसकिएको विगतको व्यवहारिक समस्यालाई मध्यनजर गर्दै यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण योजना तथा कार्यक्रमहरु कार्यसम्पन्न गरी मिति २०८३ असार १५ गतेभित्र यस गाउँपालिकाको आर्थिक प्रशासन शाखामा **(लेखा)** सम्पूर्ण प्रक्रिया पूरा गरी आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरी भुक्तानी लिई सक्नुहुन यसै पत्र मार्फत सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

टेक बहादुर खत्री
लेखापाल

कुल प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्री अध्यक्षज्यूको सचिवालय, तुम्बेवा गाउँपालिका, पाँचथर ,
श्री उपाध्यक्षज्यूको सचिवालय, तुम्बेवा गाउँपालिका, पाँचथर।

जय तुम्बेवा